puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१।०८२ | मिति:२०८१।१०।२८
सूचना नं. : | ने.सं.: (११४५ सिलाथ्व, १४ सोमबार)

## नि:शुल्क लोकसेवा/शिक्षक सेवा तयारी कक्षाका लागि विवरण पेश गर्ने सम्बन्धी सूचना !

यस पुथा उत्तरगङ्गा गाउँपालिकाभित्रका जनशक्तिको क्षमता विकास एवम् सरकारी सेवामा प्रवेशको लागि यस गाउँपालिकाबाट नि:शुल्क लोकसेवा/शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिने भएकोले तपसिलका न्यूनतम योग्यता पुगी पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र रहेका ईच्छुक व्यक्तिहरूले मिति २०८१।१०।२९ गतेदेखि २०८१।११।०७ गतेभित्र तपसिलका कागजात र विवरणसहित सम्बन्धित वडा कार्यालयहरूमा गई निवेदन पेश गर्नुहुन सबैमा यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| क्र.सं. | सञ्चालन / छनौट गरिने कक्षाहरू | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता |
|---|---|---|
| १. | लोकसेवा आयोग/सुरक्षा निकाय र संगठित संस्थाका सहायकस्तर चौथो (अप्राविधिक) र प्राविधिकतर्फ कृषि, भेटेरीनरी र स्वास्थ्य सेवाको अ.हे.व. र अ.न.मी. समेत। | सम्बन्धित विषयमा कम्तीमा SEE वा सो सरह उत्तीर्ण। साथै प्राविधिक पदका लागि सम्बन्धित विषयमा कम्तीमा TSLC तह उत्तीर्ण। |
| २. | लोकसेवा आयोग/सुरक्षा निकाय र संगठित संस्थाका सहायकस्तर पाँचौ (अप्राविधिक) | सम्बन्धित विषयमा कम्तीमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| ३. | लोकसेवा आयोग/सुरक्षा निकाय र संगठित संस्थाका पाचौं (अप्राविधिक) | सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ४. | आधारभूत तह स्थायी अध्यापन अनुमति पत्र/आधारभूत तह स्थायी शिक्षक | सम्बन्धित विषयमा कम्तीमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण (शिक्षक सेवाका लागि आधारभूत तह अध्यापन अनुमति पत्र समेत) |
| ५. | सुरक्षा निकायका श्रेणीविहीन (नेपाली सैन्य र प्रहरी जवान) | कम्तीमा कक्षा ८ वा सो सरह उत्तीर्ण। |

**आवेदनका लागि आवश्यक कागजातहरू :**

१. तयारी गर्न चाहेको कक्षा स्पष्ट खुल्ने गरी व्यक्तिगत निवेदन,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. सम्बन्धित योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

२०८१।१०।२८

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीका लागि :**

शिक्षा, युवा तथा खेलकुद शाखा (९८४९३९१७७०), प्रमुख प्रशासकीय अधिकृत (९८५७८८०३०३)

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा : Website मा Upload गर्नुहुन।
श्री वडा कार्यालयहरू सबै : आवेदन सङ्कलन गर्नुहुन।